नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८३/८४

च.नं. :- १९

मिति :- वि.सं. २०८३/०४/११

ने.स. :- ११४६ दिल्लाथ्व,१३ सोमवार

विषयः विज्ञापन सामग्री परीक्षण सम्बन्धी अत्यन्त जरुरी सूचना

विज्ञापन बोर्डबाट स्वीकृति प्राप्त नगरी विभिन्न सञ्चारमाध्यममार्फत श्रव्य, दृश्य तथा श्रव्यदृश्य विज्ञापन सामग्री प्रसारण भइरहेको, विज्ञापन सामग्रीमा विज्ञापनकर्ताको नाम, ठेगाना, चेतावनीमूलक सन्देश लगायतका आवश्यक विवरण उल्लेख नगरिएको, तथ्यहीन, अतिरञ्जित र उपभोक्तालाई भ्रममा पार्ने उद्देश्यले प्रचलित कानूनले निषेध गरेका विषयवस्तु समावेश गरी विज्ञापन प्रसारण गरिएको पाइएको छ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५ को खण्ड (ख) र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ५ को व्यवस्था कार्यान्वयन गर्ने क्षेत्राधिकार विज्ञापन बोर्डमा रहेको तथा सोहीबमोजिम विज्ञापन प्रसारण सामग्री परीक्षण सम्बन्धी मापदण्ड, २०७८ (पहिलो संशोधन, २०८०) बोर्डबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

उल्लिखित कानूनी व्यवस्था बमोजिम नेपालमा प्रसारण हुने श्रव्य, दृश्य वा श्रव्यदृश्य विज्ञापन सामग्रीलाई नेपालभित्र प्रसारण गर्नु पूर्व विज्ञापन बोर्डबाट परीक्षण गराइ विज्ञापन सामग्री प्रसारण अनुमति प्राप्त गरेपछि मात्र प्रसारण गर्न/ गराउन तथा हालसम्म विज्ञापन बोर्डबाट परीक्षण नगराइ प्रसारण भइरहेका विज्ञापन सामग्री तत्काल परीक्षण गराइ कानूनी प्रक्रिया पूरा गर्न एवम् कानून विपरीत रहेका विज्ञापन सामग्री अविलम्ब हटाउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै, कानूनी व्यवस्था विपरीत विज्ञापन गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही भई जाने बेहोरा समेत जानकारी गराइन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))

प्रमुख प्रशासकीय अधिकृत